सियारी गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

हर्नैया, रुपन्देही ।

पत्र संख्या : २०७९/८०

लुम्बिनी प्रदेश, नेपाल

मितिः २०७९।०९।०५

**सूचना ! सूचना ! ! सूचना ! ! !**

## विषय: युवा प्रतिभाहरुको खोजी तथा प्रोत्साहन कार्यक्रम सम्वन्धमा ।

प्रस्तुत विषयमा राष्ट्रिय युवा परिषदको पत्र सं २०७९।८० च न २८८ मिति २०७९।०७।२२को पत्रानुसार सियारी गाउँपालिका गाउँकार्यपालिकाको निर्णयानुसार रुपन्देही जिल्लाका (सवै पालिकाहरु ,सवै क्याम्पसहरु, सवै माध्यमिक विद्यालयहरु) १६देखि ४० वर्ष उमेर समूहका युवा लक्षित सशर्त कार्यक्रम अन्तरगत युवा प्रतिभाहरुको खोजी तथा प्रोत्साहन कार्यक्रम सञ्चालन सम्वन्धी कार्यप्रकृया,२०७८ अनुसार युवा नवप्रवर्तनात्मक विचार प्रदर्शनी तथा प्रस्तुतीकरण (Youth Innovative Ideas Hunt Competition) विषयक जिल्लास्तरिय प्रतियोगिता आयोजना गरिएको हुदाँ यो सूचना प्रकाशन भएको मितिले ३० दिन भित्र अर्थात २०७९साल माघ ४ गते साँझ ४वजे भित्र सियारी गाउँपालिका शिक्षा, युवा तथा खेलकूद शाखामा तपसिलका प्रकृयाहरु पुरा गरि इमेलवाट वा हुलाकवाट वा निवेदक स्वयम वा अरु कुनै माध्यमवाट निवेदन दर्ता गर्नु हुन अनुरोध छ । नगद पुरस्कार र प्रमाण पत्रको पनि व्यवस्था छ । प्रथम र दितिय स्थान हासिल गर्ने प्रतियोगिले प्रदेशस्तरीय प्रतियोगितामा सहभागी हुन पाउनु हुनेछ।

## तपसिल

१ **सहभागीको उमेर लक्षित समूह** : १६ देखि ४० वर्ष उमेर भित्रको युवा र रुपन्देहीको नागरिक हुनु पर्ने।

२ **प्रतियोगिताको विषय** : युवा नवप्रवर्तनात्मक विचार प्रदर्शनी तथा प्रस्तुतीकरण Youth Innovative Ideas Hunt Competition

३ **निवेदन दिने अन्तिम मिति** : २०७९साल माघ ४ गते साँझ ४ वजेसम्म ।

४ **प्रतियोगिता सञ्चालन मिति** : २०७९साल माघ ६ गते शुक्रवार १२ वजे ।

५ **प्रतियोगिता सञ्चालन स्थान** : सियारी गाउँपालिका वहुउध्देश्यीय सभाहल ।

६ **पुरस्कार रकम** : प्रथम,दितिय र तृतीयलाई क्रमस रु १०,०००।, ७,०००। र ४,०००। नगद।२५% कर लाग्ने ।

७ **मूल्यांकनका आधारहरु** : १००अङ्कको मूल्यांकन हुने । आधारहरु निम्न छन् ।

i. नवप्रवर्तनात्मक विचार प्रस्तुतीकरण र यसको सृजनात्मकता वापत २० अंक ।

ii. विचारको सैध्दान्तिक एवम व्यवहारिक पक्ष वापत १० अंक ।
iii. विचारवाट उत्पादन हुने  वस्तु वा सेवा वापत २० अंक ।
iv. विचारको उपादेयता, सान्दर्भिकता र विश्वसनियता  वापत २० अंक ।
v. लगानी र प्रतिफल वापत १० अंक ।
vi. स्वरोजगारी । रोजगारी सृजनाको सम्भाव्यता वापत १० अंक ।
vii. जोखिम लिने क्षमता वापत १० अंक । यसरी १००अंक ।

८ युवा प्रतिभाहरुको खोजी तथा प्रोत्साहन कार्यक्रम सञ्चालन सम्वन्धी कार्यप्रकृया,२०७८ अनुसार मूल्यांकन समितिवाट मूल्याकंन हुने ।

**९ सहभागीले पेश गर्नु पर्ने आवश्यक कागजातहरु**

I. युवा प्रतिभाहरुको खोजी तथा प्रोत्साहन कार्यक्रम सञ्चालन सम्वन्धी कार्यप्रकृया २०७८ अनुसूची १ को ढाँचामा निवेदन नेपाली नागरिकताको प्रतिलिपि र माथिल्लो तहको शैक्षिक योग्यताको प्रतिलिपि

II. युवा प्रतिभाहरुको खोजी तथा प्रोत्साहन कार्यक्रम सञ्चालन सम्वन्धी कार्यप्रकृया २०७८ अनुसूची ३ को विचार संकलनको लागि प्रयोग गर्ने फाराम (आवेदन फाराम ) अनिवार्य भरी पठाउनु पर्नेछ ।

III. माथि उल्लेखित अनुसूची १ र ३ फारामहरु राष्ट्रिय युवा परिषदको वेभसाइट www.nyc.gov.np मा गएर कानूनी नीति निर्देशिका र कार्यविधिवाट  डाउनलोड गर्न सक्नु हुनेछ भने  , सियारी गाउँपालिकाको वेभसाइट www.siyarimun.gov.np वाट डाउनलोड गर्न सक्नु हुनेछ वा सियारी गाउँपालिका शिक्षा, युवा तथा खेलकूद शाखावाट निशुल्क हार्डकपि पनि पाउन सक्नु हुनेछ ।

१० निवेदन हुलाकवाट पनि पठाउन सक्नु हुनेछ। siyarimun@gmail.com, siyari.shikshya@gmail.com, paudel_sudhir@yahoo.com वा स्वयम् वा अरु कुनैवाट उपस्थित भइ सियारी गाउँपालिका शिक्षा, युवा तथा खेलकूद शाखामा निवेदन दिन सक्नु हुनेछ

११ सम्पर्क व्यक्तिको नाम र  नम्वर  : सुधीर पौडेल,९८४७०२३१८५, paudel_sudhir@yahoo.com

प्रमुख प्रशासकीय अधिकृत
सियारी गाउँपालिका